नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

# केन्द्रिय आपतकालीन स्वास्थ्य ब्यबस्थापन टोलीको कार्य विवरण

१. स्वास्थ्य क्षेत्रको उद्दार सम्बन्धमा सम्बन्धित क्षेत्रिय स्वास्थ्य निर्देशकसँग आवश्यक छलफल एवं संयोजन गर्ने
२. जिल्ला स्वास्थ्य कार्यालय तथा जिल्ला दैवीप्रकोप उद्दार समिति सँगको समन्वयमा प्रभावित क्षेत्रको स्वास्थ्य स्थितिको बस्तुस्थितीको आँकलन गर्ने र व्यवस्थापनको रणनिति तयार पार्न जिल्ला स्वास्थ्य कार्यालयलाई मद्दत गर्ने
३. बाढि तथा डुवान क्षेत्रका स्वास्थ्य संस्थाहरुबाट दैनिक रूपमा विस्तृत प्रतिवेदन संकलन गर्ने आवश्यक प्रबन्ध मिलाउने।
४. संकलीत प्रतिवेदनहरूको आधारमा दैनिक प्रतिवेदन तयार पारी भोलीपल्ट विहान ७।३० बजे भित्रमा इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखामा पठाउने ब्यवस्था मिलाई कार्यान्वयन भए नभएको अनुगमन गर्ने
५. मातहतका स्वास्थ्य संस्थाहरूमा Syndromic Surveillance System स्थापित गरी दैनिक प्रतिवेदन गर्ने एवं Compile गरी केन्द्र तथा क्षेत्रमा प्रतिवेदन गर्ने पद्दती विकास गर्न जिल्लालाइ सहयोग गर्ने।
६. जिल्ला स्वास्थ्य प्रमुख मार्फत कार्य दिनभरी प्राप्त भएका सुचनाहरू टेलीफोन मार्फत केन्द्र तथा क्षेत्रमा ३ बजे भित्र प्रेषण गर्ने आवश्यक व्यवस्था मिलाउने।
७. जिल्ला भित्र खटिने स्वास्थ्य टोलीहरूलाई संयोजीत रूपमा परिचालन गर्न जिल्लालाई सक्रिय बनाउने यसका लागि स्वास्थ्य तथा पोषण Cluster बैठकलाई स्थानिय परिवेश अनुसार नियमीत बस्ने ब्यवस्था मिलाउने। WASH cluster तथा DDRC जिल्लाको सहभागी भइ सुचना संकलन एवं response लाइ थप ब्यवस्थित बनाउन पहल गर्ने।
८. आन्तरीक रूपमा विस्थापितहरूको आश्रयस्थल मा खानेपानी, शउचालय, खाद्य गुणस्तर, सरसफाइ आदिको लेखाजोखा गरी सम्भावित रोग रोकथामका लागि संयोजित प्रयास गर्ने।
९. सुत्केरी र नवशिशु स्याहारको लागि आवश्यकता पहिचान गरि उचित ब्यवस्थापन गर्ने।
१०. खोप, कुष्ठरोग, क्षयरोग, एच.आइ.भी उपचार तथा परिवार नियोजन लगायतका अत्यावश्यक सेवाहरू नियमीत रूपमा प्रवाह गर्ने आवश्यक व्यवस्था मिलाउने।
११. क्षेत्रिय मेडिकल स्टोर सँग समन्वय गरी औषधी, भ्याक्सिन लगायतको अभाव हुन नदिन पहल गर्ने
१२. जनचेतनामूलक स्वास्थ्य शिक्षा, अभियान, तथा खाना, पानी लगायतको ब्यवस्थापनकालागि पहल गर्ने
१३. जिल्ला खानेपानी कार्यालय एवं स्थानिय गाँउपालीका तथा नगरपालीका सँग समन्वय गरि खानेपानी आपुर्ती तथा खानेपानी सुद्धीकरणका लागि क्लोरीन, ब्लीचिंग पाउडरको उपलब्धता सुनिश्चित गर्ने।
१४. स्थानिय स्तरमा परिचालीत श्रोत तथा साधनको अभिलेख राखी प्रतिवेदन गर्ने व्यवस्था मिलाउने।